# कोषको ठमेलस्थित भवनका पसल एकाइहरू बैंक तथा वित्तीय संस्थालाई एकमुष्ट भाडामा दिने सम्बन्धी
# पुनः सिलबन्दी बोलपत्र आह्वान

**(गोरखापत्रमा प्रकाशित मितिः २०८१/०९/०२)**

१. कोषको काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. २७ ठमेलस्थित अफिस कम सपिङ्ग कम्प्लेक्स भवनमा रहेका देहायका पसल एकाइहरु भाडामा लिन इच्छुक व्यक्ति/संस्थाबाट रीतपूर्वकको सिलबन्दी बोलपत्र आह्वान गरिन्छ :-

| पसल एकाइ नं. | क्षेत्रफल (वर्गमिटर) | मासिक प्रति व.मि. भाडादर रकम (रु.) | न्यूनतम मासिक जम्मा भाडा रकम (रु.) | बोलपत्र जमानत रकम (रु.) |
|---|---|---|---|---|
| एकमुष्ट २३८, २३९,२४१ र २४२ | १२२.२१ | २,२५० | २,७४,९७२.५० | २,७४,९७२.५० |

२. इच्छुक व्यक्ति/संस्थाले **कर्मचारी सञ्चय कोष**को नाममा **नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड**मा रहेको **खाता नं. ००४०१०१०२५४३७३** वा **हिमालयन बैंक लिमिटेड**मा रहेको **खाता नं. ०१९०००२२९८००३८** मा फिर्ता नहुने गरी रू. १,०००/- (एक हजार मात्र) बुझाएको सक्कल प्रति भौचर र लिखित निवेदन पेस गरी यो सूचना प्रकाशित भएको मितिले **१५ औं दिन** अर्थात् मिति **२०८१/०९/१६** गते कार्यालय समयभित्र कर्मचारी सञ्चय कोष, सम्पत्ति व्यवस्थापन विभाग, पुल्चोक तथा सम्पत्ति व्यवस्थापन एकाइ, ठमेलबाट बोलपत्र फारम खरिद गर्न सक्नेछन् ।

३. बोलपत्रदाताले कोषबाट खरिद गरिएको बोलपत्र कागजात (सक्कल) भरी सिलबन्दी गरी यो सूचना प्रकाशित भएको मितिले **१६ औं दिन** अर्थात् मिति **२०८१/०९/१७ गते दिउसो १२:१५ बजे भित्र कर्मचारी सञ्चय कोष, पुल्चोकमा बुझाई सक्नु पर्नेछ** । तोकिएको मिति र समय पश्चात् प्राप्त भएका बोलपत्रहरु स्वीकार गरिने छैन ।

४. प्राप्त सिलबन्दी बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले **१६ औं दिन** अर्थात् मिति **२०८१/०९/१७** गते **दिनको १:०० बजे** बोलपत्रदाताहरुको तर्फबाट उपस्थित प्रतिनिधिहरुको रोहवरमा कर्मचारी सञ्चय कोष, पुल्चोकस्थित सम्पत्ति व्यवस्थापन विभागमा खोलिनेछ । बोलपत्रदाताहरुको प्रतिनिधि उपस्थित नभएको कारणले बोलपत्र खोल्ने कार्यमा बाधा पुग्ने छैन ।

५. बोलपत्र जमानत रकमको विवरण बोलपत्र आवेदन फारममा उल्लेख गरिएको छ । सो अनुसारको जमानत रकम बुँदा नं. ३ मा उल्लिखित बैंक खातामा सम्बन्धित बोलपत्रदाताको नामबाट जम्मा भएको सक्कल भौचर वा कुनै वाणिज्य बैंकले कोषको नाममा जारी गरेको बोलपत्र दाखिला गर्ने अन्तिम दिनबाट कम्तिमा १२० (एक सय बीस) दिन म्याद कायम रहेको सर्त रहितको सम्बन्धित बोलपत्रदाताकै नाममा रहेको बैंक ग्यारेण्टीको सक्कल प्रति बोलपत्रसाथ संलग्न हुनुपर्नेछ ।

६. बोलपत्र दाखिला गर्ने अन्तिम दिन तथा बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा परेमा ती कार्यहरु त्यसको लगत्तै कार्यालय खुलेको दिन सोही समयमा हुनेछन् ।

७. एकजना बोलपत्रदाताले पसल एकाइ नं. **२३८, २३९, २४१ र २४२ को एकमुष्ट** बोलपत्र पेस गर्न सक्नेछ ।

८. बोलपत्रदाताले बोलपत्र दाखिला गर्नु अगावै उक्त पसलको स्थलगत अवलोकन गर्न चाहेमा सम्पत्ति व्यवस्थापन एकाइ, ठमेलमा सम्पर्क गरी कार्यालय समयमा अवलोकन गर्न सक्नेछन् ।

९. बोलपत्रदाताले पेस गरेको सिलबन्दी बोलपत्र स्वीकार गर्ने वा नगर्ने/आंशिक स्वीकृत गर्ने जस्ता सम्पूर्ण अधिकार कोषमा निहित रहनेछ ।

१०. बोलपत्रको खाम बाहिर "**कोषको ठमेलस्थित भवनको पसल एकाइ नं. २३८, २३९,२४१ र २४२ एकमुष्ट बैंक तथा वित्तीय संस्थाले भाडामा लिने सम्बन्धी बोलपत्र**" भनी प्रष्ट लेखी बोलपत्र जमानत साथै आवश्यक कागजातहरु समेत संलग्न गरी सिलबन्दी गरी **आधारभूत र वित्तीय प्रस्ताव छुट्टाछुट्टै** भरी रीतपूर्वक कोषमा बुझाउनु पर्नेछ ।

११. बोलपत्र सम्बन्धी अन्य आवश्यक कुराहरु बोलपत्र आवेदन फाराममा संलग्न रहेको अनुसूची ७ (बोलपत्रदातालाई निर्देशन) अन्तर्गत कागजातमा उल्लेख गरिएको छ । थप जानकारी आवश्यक भएमा कोषको पुल्चोकस्थित सम्पत्ति व्यवस्थापन विभाग वा सम्पत्ति व्यवस्थापन एकाइ ठमेलमा सम्पर्क गर्न सकिनेछ ।

**कर्मचारी सञ्चय कोष**
**सम्पत्ति व्यवस्थापन विभाग, पुल्चोक, ललितपुर ।**
फोन नं.: ०१-५०१०००९ (पुल्चोक) र ०१- ५३५९६०८ (ठमेल)
इमेल : assetmanagement@epf.org.np, वेबसाईटः www.epf.org.np